"हाम्रो अभियान समृद्धि,विकास र गौर नगरको श्रेष्ठ पहिचान"

# गौर नगरपालिका

## Gaur Municipality

### नगर कार्यपालिकाको कार्यालय

### Office of the Municipal Executive

गौर,रौतहट
Gaur,Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या/:Ref No.२०८२/०८३
चलानी नं./Dispatch No.

मिति/Date: २०८२/१२/२५
ने.सं.११४६चौलागा,६ मंगलवार

सूचना।　　　　सूचना।　　　　सूचना।

**विषय : अवैध घर,टहरा,गुम्ती र अन्य संरचना हटाउने सम्बन्धमा ।**

यस गौर नगरपालिकाको सबै वडाहरुमा सार्वजनिक सडक खण्डको दायाँ बायाँको (नाला सहितको) सडक अधिकार क्षेत्र भित्र परेको अवैध घर, टहरा, गुम्ती पशु धन, खाद्यान्न सामग्री, निर्माण सामग्री र अन्य संरचना निर्माण गरी वा निरन्तर लामो अवधि सम्म राखी सार्वजनिक सवारी साधन र पैदल यात्रु (बटुवा)लाई आवागमनमा अवरोध पुर्याई यातायात संचालन कार्यमा बाधा पुग्ने गरी सार्वजनिक रुपमा नागरिकलाई अहित कार्य हुने गरेको व्यापक जनगुनासोहरु तर्फ यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भई सार्वजनिक सडक सुचारु राख्नु पर्ने भएकोले उल्लेखित अवैध संरचना/सामग्री सम्बन्धित धनीले आफ्नै खर्चमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र हटाई सार्वजनिक सडक खाली गरी विकास निर्माण कार्यमा योगदान पुर्याई दिनु हुन सम्बन्धित सबै संग हार्दिक अनुरोध गर्दछौं।

यस सार्वजनिक सूचनाको आधारमा तोकिएको समयावधि भित्र सम्बन्धित धनीले स्वतःस्फूर्त रुपमा अवैध संरचना नहटाए नगरपालिका बाध्य भई आफैं हटाउन अग्रसर हुने र त्यसरी नगरपालिकाले हटाउदा लागेको खर्च सरकारी रकम बाँकी मानी सम्बन्धित धनी संग असुल उपर गर्ने तर्फ कार्यवाही प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत आदरणीय नगरवासीको जानकारीको लागि अनुरोध छ।

(विष्णु प्रसाद पौडेल)
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव

फोन नं. :-०५५-५२०२९४ (नगर प्रमुख) ५२०८९३ (उप-प्रमुख) ५२१६३४ (प्रशासन शाखा)५२०८९४ (आर्थिक प्रशासन शाखा)५२०२९३ (स्वास्थ्य शाखा)
५२०३२४ (वारुणयन्त्र) १६६०५५५२००२(टोल फ्री नं), www.gaurmun.gov.np, Email:- gaurnapa@gmail.com,info@gaurmun.gov.np

CamScanner